# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पथरी, मोरङ

फो.नं. ९७७-०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६ फ्या.

१.प्रदेश,नेपाल

प.सं. २०७७/०७८
च.नं.

मिति : २०७७।०६।२९

विषय :पथरी शनिश्चरे नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

विश्व महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस (COVID-19 ) को संक्रमणवाट यस नगरपालिकाका पदाधिकारी, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा पथरी नगर अस्पताल लगायत स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी साथै समुदायमा समेत कोरोना भाइरसवाट संक्रमित हुनेको संख्या दिनानुदिन बढी रहेकोले अर्को निर्णय वा आदेश नभएसम्मको लागि मिति २०७७।०६।३० गते शुक्रवार देखि मिति २०७७।०७।०६ गते सम्म तपसिलका बुँदामा उल्लेखित सम्पूर्ण सेवा तथा कार्यहरु पूर्णरुपमा बन्द गर्ने मिति २०७७।०६।२९ गते निर्णय भएको हुँदा सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको ब्यहोरा आदेश अनुसार अनुरोध छ ।

तपसिल

क) नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु मध्ये पथरी नगरअस्पताल,शनिश्चरे स्वास्थ्य चौकी र वडा नं १ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र वाट प्रवाह हुने सेवा कन्ट्र्याक टेसिङको नतिजा नआएसम्म बन्द गर्ने र हसन्दह स्वास्थ्य चौकी साथै वडा नं १०,३ र ६ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र वाट सेवा प्रवाह गर्ने ।

(ख) नगर कार्यपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयहरुवाट प्रवाह हुने अत्यावश्यकीय सेवा बाहेक दैनिक प्रशासनिक सेवा मिति २०७७।०६।३० देखि २०७७।०७।०६ गते सम्म बन्द रहने ।

ग) पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा लाग्ने दैनिक तथा साप्ताहिक हाटवजारहरु पूर्णरुपमा बन्द गर्ने ।

(घ) नगरक्षेत्रका खाद्यान्न लगायग आवश्यकीय सामाग्री विक्री गर्ने व्यवसायहरु स्वास्थ्यको उच्च शतर्कता अपनाई उचित मूल्यमा विक्री गर्ने व्यवस्था सम्वन्धित व्यवसायिले मिलाउने नगरपालिका तथा सम्वन्धित निकायवाट अनुगमन गर्दा स्वास्थ्य शतर्कता नअपनाइएको पाइएमा वा अनुचित मूल्यमा बिक्री गरेको पाइएमा कानूनी कार्वाही अगाडि बढाउने ।

(ङ) जेष्ठ नागरिक (७० वर्ष माथि) र १२ वर्ष मुनिका बालवालिकालाई घरवाहिर ननिस्कन अनुरोध गर्ने ।

(च) अत्यावश्यकीय कामको सिलसिलामा घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र मास्क नलगाइ घरवाहिर निस्केको खण्डमा तथा नियमको पालना नगरेमा गृह मन्त्रालयको आदेश बमोजिम स्थानीय प्रहरी प्रशासनले कानूनी कार्वाही अगाडि बढाउने ।

(छ) टोलवस्तीमा बसोवास गर्नुभएका नगरवासीहरुलाई नौलो अपरिचित व्यक्तिलाई प्रवेश गर्न नदिन र कुनै नौलो अपरिचित व्यक्ति आफ्नो टोलवस्ती वा नगरपालिका क्षेत्रमा प्रवेश गरेमा स्थानीय प्रहरी वा नगरपालिका समक्ष सूचना गर्न आव्हान गर्ने

(ज) यस नगरपालिका क्षेत्रमा हाल सम्म ७२ जना कोरोना भाइरसवाट संक्रमित हुनु भएकोले उच्च शतर्कता अपनाउन नगरवासीमा अपिल गर्ने ।

२०७७/०६/२९
शिवकुमार राई
अधिकृत स्तर छैटौं